# प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश
## हेटौंडा, नेपाल

मितिः २०८२/०६/२९

**बागमती प्रदेशका माननीय प्रदेश प्रमुखज्यू समक्ष पेस गरिएको प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको छैटौं वार्षिक प्रतिवेदन २०८१/०८२ सम्बन्धी**

## प्रेस विज्ञप्ति

आज मिति २०८२ साल असोज २९ गते बुधबार दिउँसो १:०० बजे प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका अध्यक्ष श्री महेश्वर श्रेष्ठले बागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाज्यू समक्ष आयोगको छैटौं वार्षिक प्रतिवेदन २०८१/०८२ पेस गर्नु भयो। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम पेस गरिएको यो वार्षिक प्रतिवेदनमा मिति २०८१ श्रावण १ गते देखि २०८२ असाढ मसान्त सम्म आयोगले सम्पादन गरेका काम कारबाहीहरू समेटिएका छन्।

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले आ.व. २०८१/०८२ मा संस्थागत सुदृढीकरण, पारदर्शिता, निष्पक्षता र दक्ष जनशक्ति छनौटका लागि उल्लेखनीय कार्यहरू सम्पन्न गरेको छ। आयोगले संवैधानिक एवम् कानुनी दायित्व अनुसार विभिन्न पदहरूमा खुला तथा आन्तरिक प्रतिस्पर्धा मार्फत विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा सिफारिस कार्यहरू सम्पन्न गरेको छ। लोक सेवा आयोगका स्थापित मूल्यमान्यता र मापदण्डलाई आत्मसात् गर्दै प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, पद र तहका रिक्त पदहरूमा पदपूर्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने कार्य भइरहेको छ। प्रतिवेदन अवधिमा आयोगको कार्यक्षेत्र भित्र रहेका बढुवा उजुरीहरूको छानविन तथा निर्णय, अदालती मुद्दाहरूको प्रतिवाद, कर्मचारीको सेवा शर्त सम्बन्धमा राय परामर्श, विभागीय कारबाही सम्बन्धी परामर्श र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरू समेत सम्पन्न भएका छन् ।आयोगले आ.व. २०८१/०८२ मा सम्पादन गरेका संक्षिप्त कार्यहरू देहाय बमोजिम रहेको छन्ः

### वार्षिक पदपूर्ति कार्यतालिका

आ.व. २०८१/०८२ को वार्षिक पदपूर्ति कार्यतालिका मिति २०८१/०४/०१ गते देखि लागु हुने गरी आयोगको वेबसाईट मार्फत सार्वजनिक गरी सोही अनुसार पदपूर्ति प्रकृया अगाडि बढाईएको थियो।

## पाठ्यक्रम निर्माण र परिमार्जन

आ.व. २०८१/०८२ मा विभिन्न सेवा, समूह, उपसमूहका नवौं तहका ६ वटा र पाँचौं तहको १ वटा गरी जम्मा ७ वटा पदहरूको पाठ्यक्रमहरू निर्माण तथा परिमार्जन भइ कार्यान्वयनमा ल्याइएको छ।

## विज्ञापन

आ.व. २०८१/०८२ को अवधिमा प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त माग आकृति फारमका आधारमा विभिन्न सेवा, समूह, उपसमूह, पद तथा तहका कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, आन्तरिक अन्तर सेवा, अन्तरतह, खुला तथा समावेशी समूह तर्फ प्रतिशत निर्धारण गरी जम्मा प्रदेश सरकार तर्फ ५११ र स्थानीय तह तर्फ ४०२ गरी जम्मा ९१३  पदको लागि विज्ञापन गरेर सोही अनुसार पदपूर्ति कार्य भएको थियो।

## दरखास्त

प्रतिवेदन अवधिमा प्रदेशतर्फका विभिन्न सेवा, समूह, उपसमूह, पद तथा तहका आन्तरिक अन्तर सेवा, अन्तरतह, खुला तथा समावेशी समूह लगायतका प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्तिकोलागि ४४५ र बढुवा विज्ञापनतर्फ ६६ गरी जम्मा ५११ पदको लागि दरखास्त आह्वान गरिएको थियो भने स्थानीयतर्फका विभिन्न सेवा, समूह, उपसमूह, पद तथा तहका आन्तरिक अन्तर सेवा, अन्तरतह, खुला तथा समावेशी समूह समेतका प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्तिकोलागि ३७९ र बढुवा विज्ञापनतर्फ २३ गरी जम्मा ४०२ पदको लागि दरखास्त आह्वान भएको थियो।

## प्रश्नपत्र परिमार्जन

आ.व. २०८१/०८२ मा ४५६ प्रश्नपत्र नयाँ सेट र गत आ.व. सम्मको मौज्दात ९८१ सेट गरी जम्मा १४३७ सेट परिमार्जित प्रश्नपत्रहरू मध्येबाट ४०७ सेट प्रश्नपत्र प्रयोग भएको थियो।

## लिखित परीक्षा सञ्चालन

आ.व. २०८१/०८२ मा सञ्चालित लिखित परीक्षाहरूमध्ये नवौं तहमा महिला ६२, पुरुष १८७, आठौं तहमा महिला ४६, पुरुष ७९, सातौं तहमा महिला ८८५, पुरुष २१७३  र पाँचौं तहमा महिला १३९४०, पुरुष १६९८१ समेत गरी जम्मा महिला १४९३३, पुरुष १९४२० गरी कुल जम्मा ३४३५३ जना उम्मेदवारहरूको लिखित परीक्षामा उपस्थिति रहेको थियो।

## उत्तरपुस्तिका सङ्केतीकरण तथा उत्तरपुस्तिका परीक्षण

आ.व. २०८१/०८२ मा सञ्चालन भएका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदहरूका लिखित परीक्षाहरू पश्चात् प्राप्त हुन आएका जम्मा ३५१४४ थान उत्तरपुस्तिकाहरूमा प्रथम तथा द्वितीय सङ्केतीकरण (Coding) गरी उत्तरपुस्तिका परीक्षणको लागि पठाइएको थियो भने ३१७९३ थान

वस्तुगत परीक्षाको OMR Sheet को उत्तर खण्ड र विवरण खण्ड छुट्याइ OMR उत्तरपुस्तिका परीक्षण भएको थियो।

## लिखित परीक्षा नतिजा प्रकाशन

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदहरूका लिखित परीक्षाहरू सम्पन्न भइ प्राप्त उत्तरपुस्तिकाहरू परीक्षण पश्चात् जम्मा २१५० जना उम्मेदवारहरू लिखित परीक्षा उत्तीर्ण भइ अन्तर्वार्ताको लागि छनौट भएका थिए। जसमध्ये लिखित परीक्षाको नतिजा प्रकाशन भएका मध्ये प्राविधिक तर्फ १२१० र अप्राविधिक तर्फ ९४० जना अन्तर्वार्ताका लागि छनौट भएका थिए।

## अन्तर्वार्ता र सिफारिस

आ.व. २०८१/०८२ मा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदहरूका सबै चरणका परीक्षा तथा अन्तर्वार्ता समेतको कुल अङ्कको आधारमा गत आ.व.को विज्ञापनमा सिफारिस हुन बाँकी रहेका पदहरू सहित प्रदेश सरकारतर्फ ७४६ र स्थानीय तहतर्फ ६१७ गरी कुल १३६३ जना उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गरिएको थियो।

## बढुवा सिफारिस

आ.व. २०८१/०८२ मा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदहरूका लागि भएको बढुवा विज्ञापन/सूचना अनुसार प्रदेशतर्फ ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनतर्फ ७९, कार्यक्षमताको मूल्याङ्कनतर्फ ७६ र स्थानीय तहका विज्ञापनहरू मध्ये ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनतर्फ २२, कार्यक्षमताको मूल्याङ्कनतर्फ १४ गरी जम्मा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनतर्फ १०१ र कार्यक्षमताको मूल्याङ्कनतर्फ ९० समेत गर्दा कुल १९१ जना बढुवा सिफारिस भएको थियो।

## राजस्व तथा प्रगति सम्बन्धमा

यस अवधिमा आयोगले छ करोड तेह्र लाख बिस हजार सात सय त्रिहत्तर रुपैयाँ राजस्व सङ्कलन गरेको छ भने आयोगको यस आर्थिक वर्षको खर्च छ करोड पैंसठ्ठी लाख आठ हजार पाँच रुपैयाँ रहेको छ। जसमा चालुतर्फ ६५.५१ र पुँजीगततर्फ ७९.४२ प्रतिशत गरी औसत ७२.४७ प्रतिशत प्रगति भएको थियो। प्रदेश लोक सेवा आयोग स्थापना देखि आ.व.२०८१/०८२ सम्म रु.३८,७५,०१,१९५/८० राजस्व आम्दानी भएको र खर्च रु.३४,०५,३८,४२९/५० भइ प्रदेश लोक सेवा आयोगको आय र व्ययको अवस्था सकारात्मक छ।

## बढुवा उजुरी सम्बन्धी

यस अवधिमा बढुवा सिफारिस उपर १७ वटा उजुरी परेको थियो। सो मध्ये ५ वटा उजुरी उपर बढुवा समितिको निर्णयमा पुनर्विचार हुने र १२ वटा उजुरी बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने भनी आयोगबाट निर्णय भएको थियो।

## राय परामर्श

आर्थिक वर्ष २०८१/०८२ को अवधिमा यस आयोगबाट कर्मचारीको सेवा सर्त तथा अन्य विषयमा गरी पाँच वटा राय परामर्श प्रदान गरिएको थियो।

## विभागीय सजाय सम्बन्धी परामर्श

प्रतिवेदन अवधिमा यस आयोगबाट विभागीय सजाय सम्बन्धमा ९(नौ) निकायबाट माग भए बमोजिमको विभागीय सजाय सम्बन्धी राय परामर्श प्रदान गरिएको थियो।

## विभिन्न अदालतहरूमा दायर भएका मुद्दाहरूको विवरण

आ.व. २०८१/०८२ मा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशलाई विपक्षी बनाइएका सम्मानित सर्वोच्च अदालत र उच्च अदालतहरूमा ४० वटा रिटहरू दर्ता भएका थिए। जसमध्ये १० वटा मुद्दाहरू चालु अवस्थामा रहेका छन् भने ११ वटा रिट खारेज भएको र २ वटा रिट जारी भएको, १७ वटा मुद्दाहरूको निर्णय बदर हुने फैसला भएको थियो। आयोगबाट विभिन्न अदालतहरूबाट भएका १६ वटा फैसला उपर पुनरावेदन गरिएको थियो। यसमध्ये १५ वटा मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट अनुमति प्राप्त भएकोले मुद्दा विचाराधिन अवस्थामा रहेका छन् भने एउटा मुद्दामा अनुमति प्राप्त हुन नसकेको अवस्था छ।

## आयोगले सामना गर्नु परेका कठिनाइ

१) प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी नियमावलीहरू जारी हुन नसक्दा पाठ्यक्रम निर्माण, सेवा, समूह, पदनाम लगायतका विषयमा अन्यौलता रहेकोले यसमा सम्बद्ध पक्षको ध्यानाकर्षण हुन आवश्यक छ।

२) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ बमोजिम लिखित परीक्षा सम्पन्न भएका प्राविधिक र अप्राविधिक छैटौं तहका कुल १३९ पदहरूको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा छैटौं तहका सम्बन्धमा भएको फरक प्रावधानका कारण लिखित परीक्षा पश्चात् सम्पादन गरिने कार्यगत चरणहरू स्थगित राख्नु परेको छ। यस विषयमा सम्मानित उच्च अदालत पाटनमा परेको रिट निवेदनका सम्बन्धमा आवश्यक कानुन बनाइ कार्यान्वयन गर्ने व्यहोराको परामादेश आएको भएतापनि प्रदेश सरकारबाट कानुन संशोधन हुन नसकेकोले आयोगले नतिजा प्रकाशनलाई यथास्थितिमा राख्नु परेको अवस्था छ।

३) प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ का केही प्रावधानहरूसँग निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन, २०५३ का कतिपय विषयहरू बाझिएका कारणले प्रदेश तथा स्थानीय तहहरूमा कार्यरत कर्मचारीहरूको बढुवा र तहवृद्धि प्रक्रियामा द्विविधा हुँदा कर्मचारीहरूबाट बढुवा समितिका निर्णय उपर अदालतमा मुद्दा दायर भएको अवस्था छ।

४) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानीय तहका स्थायी पदहरू प्रदेश किताबखानामा दर्ता गरी रिक्त पदहरू पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्न सकिने व्यवस्था भए तापनि स्थानीय तहहरूका स्थायी पदहरू हालसम्म प्रदेश किताबखानामा दर्ता हुन नसक्दा दरबन्दीहरू यकिन गर्न कठिनाइ भएको सन्दर्भमा विज्ञापन गर्दा सङ्घबाट स्वीकृत भएका दरबन्दीलाई आधार मान्नु पर्ने बाध्यता भएकोले माग बमोजिम पदपूर्ति हुन नसकेका केही स्थानीय तहबाट सेवा प्रवाहको लागि कर्मचारीको अभाव भएको गुनासो आउने गरेको छ।

५) प्रदेश लोक सेवा आयोगको आफ्नै जग्गा तथा भवन नभएको कारणले निजी घरमा कार्यालय सञ्चालन भइरहेको अवस्था छ। कार्यालयको सुरक्षा र प्रदेश लोक सेवा आयोगको कार्यगत संवेदनशीलता अनुसार आफ्नै सरकारी भवन नहुँदा कार्यसम्पादनमा कठिनाई भइरहेकोले यस विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ।

**(संजीव न्यौपाने)**
**प्रवक्ता**